जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी ह.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २३० • २०८२ जेष्ठ २७ गते मंगलवार • 10 Jun. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




# पूर्वपशिचम विद्युतीय रेलमार्ग निर्माणको काम ठप्प

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २६ जेष्ठ

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने पूर्वपशिचम विद्युतीय रेलमार्ग निर्माणको काम ठप्प भएको छ। बजेट अभावका कारण रेलमार्ग निर्माणको काम रोकिन पुगेको हो। रेलमार्गको अहिलेसम्म महोत्तरीको बर्दीवासदेखि रौतहटको चौँचासम्मको ६९ किलोमिटर क्षेत्रमा ट्र्याक निर्माणका लागि ठेक्का लागेको छ।

यो खण्डको ६९ किलोमिटरमध्ये महोत्तरी, सर्लाही र रौतहट गरी तीनै जिल्लाका विभिन्न स्थानमा एक किलोमिटर ३०० मिटरजति क्षेत्रमा ऐलानी जग्गा र मुआब्जाको विषयमा विवाद हुँदा काम अघि बढ्न सकेको छैन। रेल योजना कार्यालय लालबन्दीका प्रमुख किरण कार्कीले यो वर्ष रेलमार्ग निर्माणका लागि अत्यन्त कम बजेट प्राप्त भएकाले काम गर्नै नसकिएको जानकारी दिनुभयो। रेलमार्गको काम गर्न चालू आर्थिक वर्ष २०८१/८२ मा ३३ करोड रुपियाँ बजेट मात्र प्राप्त भएकोमा सबै बजेट खर्च भइसकेको छ। निर्माण व्यवसायीलाई गत वर्षकै तिर्न बाँकी रहेको रकम र यो वर्ष भएका केही कामको भुक्तानी भएर बजेट सकिएकाले थप काम अघि बढ्न नसकेको कार्कीले



बताउनुभएको छ। काम गर्न बजेट अभाव रहेको सम्वन्धमा विभाग र मन्त्रालयसँग बारम्बार हारगुहार गरिरहेको कार्यालय प्रमुख कार्कीले बताउनुभयो। “निर्माण व्यवसायीले अघिल्लो वर्षदेखिकै भुक्तानी बाँकी छ तर यो वर्ष बजेट निकै कम अयो, भएको पनि भुक्तानी गरेर सकिएको छ,” कार्यालय प्रमुख कार्कीले गोरखापत्रसँग भन्नुभयो, “बजेटकै लागि भनेर अहिले काठमाडौँ आएर विभाग तथा मन्त्रालयमा धाइरहेको छु। अब अहिले बजेट तयारीको काम भइरहेको छ। यो काम सक्किएपछि हेरौँला भन्ने जवाफ आइरहेको छ।” निर्माण व्यवसायीले अघिल्ला वर्षकै भुक्तानीका लागि ताकेता गरिरहेकाले थप काम गराउन नसक्केको रेल योजना कार्यालय लालबन्दीका प्रमुख कार्कीको भनाइ छ। कार्कीले निर्माण व्यवसायीलाई पुरानो केही रकम उपलब्ध गराउन पाए सम्झाइ बुझाई थप काममा लगाउन सक्ने अवस्था रहेको तर मन्त्रालयबाट बजेट निकासा हुनेबारे अत्तोपत्तो नहुँदा अन्यौलमा परेको बताउनुभयो। लालपुर्जा नरहेको सर्लाही र रौतहटको विभिन्न स्थानको जग्गालाई के गर्ने भन्ने निर्णय मन्त्रिपरिषदबाटै गर्नुपर्ने अवस्था देखिएको छ। विद्युतीय रेलमार्ग अन्तर्गत महोत्तरीको बर्दीवासदेखि सर्लाहीको फूलजोरसम्म २०७० साल र फूलजोरदेखि रौतहटको चौँचासम्म २०७५ सालतिरै ठेक्का लिएर विभिन्न निर्माण कम्पनिले काम गरेका छन्। पूर्व-पशिचम विद्युतीय रेलमार्ग निर्माणका लागि सन्तोषि कन्टेक्ट, लुम्बिनी एपेक्स, रौतहट हिन्दुङ थोकर, गोल्डेन बिरुवा लगायतका निर्माण व्यवसायीले ठेक्का पाएका छन्। यि सबै निर्माण व्यवसायी पुरानो कामकै भुक्तानी नपाएर हैरान छन्। रेल योजना कार्यालय लालबन्दीका अनुसार पहिलो चरणमा ग्राभेल भर्ने, बेस निर्माण गर्ने र पुल, पुलेसाको काम गर्नुपर्ने सम्झौता निर्माण व्यवसायीसँग भएको छ। विवाद भएको ठाउँ छाडेर काम गर्दा पनि बर्दीवासदेखि चौँचासम्म ट्र्याक निर्माणको काम ९० प्रतिशतभन्दा बढी भइसकेको र चौँचादेखि बाराको निजगढसम्मको खण्डमा ठेक्का लाग्न बाँकी रहेको रेल योजना कार्यालय लालबन्दीले जनाएको छ।

बजेटको कमी, निर्माण सामग्रीको अभाव र जग्गाको विवादका कारण चालू आर्थिक वर्षमा पूर्वपशिचम विद्युतीय रेलमार्गको काम ठप्प नै रहने अवस्था देखिएको छ। सर्लाहीको हरिवनस्थित घुर्कौली क्षेत्रका स्थानीयले जग्गाको मुआब्जा निकै कम भएको भन्दै मुआब्जाबापतको रकम बुझ्नै मानेका छैनन्। हरिवन नगरपालिका-५, घुर्कौलीका वडाध्यक्ष नागेन्द्रकुमार साहले मुआब्जाको समस्या समाधान गर्न १० पटकभन्दा बढी छलफल गरे पनि ठोस निष्कर्ष निस्कन नसकेको बताउनुभयो। नक्सामा जग्गा एउटाको र जग्गा भोगचलन गर्ने व्यक्ति अर्कै रहेकाले मुआब्जा कस्ले लिने भन्ने विवाद प्रमुख रुपमा देखा परेको वडाध्यक्ष साहको भनाइ छ। उहाँले मुआब्जा पनि असाध्य कम निर्धारण गरिएकाले समस्या परिररहेको बताउनुभयो। “यो समस्या समाधान गर्न किसानलाई लिएरै भौतिक पूर्वाधार मन्त्रालय, रेल विभागलगायतका निकायमा १०/१५ चोट नै पुगिसँके तर ठोस निष्कर्ष निस्कन सकेको छैन्,” वडाध्यक्ष साहले भन्नुभयो, “किसानका समस्या समाधान गरेर मात्रै रेलमार्ग निर्माणको काम गर्नुपर्छ भन्ने माग छाडेका छैनौँ।” जिल्ला मुआब्जा निर्धारण समितिका संयोजक एवम् सर्लाहीका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले घुर्कौली क्षेत्रको हकमा ९५ प्रतिसत किसानले मुआब्जा लिइसकेकाले बाँकी पाँच प्रतिशतले मात्रै मुआब्जाको रकम वृद्धि गर्नुपर्ने माग गर्न उचित नहुने बताउनुभयो। उहाँले निर्माण कार्यमा अवरोध नहुने गरी सहमतीको बाटो खोज्न रेल योजना कार्यालयलाई भनिएको बताउनुभयो। प्रमुख जिल्ला अधिकारी श्रेष्ठले मुआब्जाकै कारण रेलमार्ग निर्माणमा समस्या उत्पन्न हुन नदिन छलफल तथा समन्वय गरिरहेको जानकारी दिनुभयो। “धैरैजसो किसानल मुआब्जाबापतको पैसा बुझिसक्नु भयो तर पाँच/सात जना किसानले मात्रै मुआब्जा नबुझ्नुभएको हो,” प्रमुख जिल्ला अधिकारी श्रेष्ठले भन्नुभयो, “उहाँहरुलाई सहमतिमा ल्याएर अवरोध रहेको ठाउँमा रेलमार्ग निर्माणको काम अघि बढाउँछौँ।” महोत्तरीको बर्दीवासदेखि रौतहटको चौँचासम्मको खण्डमा नै रेलमार्गको ट्र्याक निर्माणमा अनेक समस्या उत्पन्न हुँदा चौँचादेखि बाराको निजगढस्थित तराई-काठमाडौँ द्रुतमार्गको प्वाइन्टसम्मको खण्डमा काम अघि बढाउने रेल योजना कार्यालयको प्रयास असफल बनिरहेको छ।




अनुरोधकर्ता
कलैया उपमहानगरपालिकाको कार्यालय
बारा,मधेश प्रदेश

# प्रहरीहरुले बलपूर्वक घरमा प्रवेश गरेको घटनाले स्थानीय वासिन्दाहरूमा त्रास

जलेश्वरटुडे समाचारदाता
धनुषा, २६ जेष्ठ

धनुषाको मुखियापट्टी मुसहरनीया गाउँपालिका- ६ स्थित लक्ष्मीपुर टोलमा मध्यरातमा तीन दर्जनभन्दा बढी प्रहरीको टोलीले छापामार शैलीमा एक घरमा घेराउ गरी बलपूर्वक प्रवेश गरेको घटनाले स्थानीय वासिन्दाहरूमा त्रास फैलिएको छ। धनुषा प्रहरीको सो कारबाहीमा महिलाहरूलाई दुर्व्यवहार, कुटपिट र घरमा रहेको सम्पत्तिमा तोडफोड गरेको आरोप लागेको छ।

घटनास्थलमा रहेका प्रत्यक्षदर्शी र पीडित पक्षले जनाए अनुसार भोगेन्द्र यादवको घरमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले छतबाट प्रवेश गरी घरका चुकुलहरू फोड्दै घरभित्र छापा मारेको छ। एमालेका मुखियापट्टी मुसहरनीया नगर अध्यक्ष सुशील यादवले पत्रकार सम्मेलनमार्फत प्रहरीको यो कार्यलाई ‘रातको आतंकराज’ भनी टिप्पणी गरेका छन्। घटनाको पृष्ठभूमिमा



स्थानीय राजनीतिक द्वन्द्व रहेको आशंका गरिएको छ। सुशील यादवले उनको र जसपा नेपालका नेता वीरेन्द्र छोटेबीच विगतमा सामान्य भनाभन भएको बताउँदै त्यही घटनालाई लिएर विरेन्द्र छोटे पक्षले दबाबमा मुद्दा हालेर आफ्ना नातेदारहरूलाई फसाउने प्रयास गरिरहेको उनले दाबी गरे।

फुलगामा प्रहरी चौकीका इन्चार्ज अवधलाल सोनारले घटनामा आफू संलग्न रहेको स्वीकार गर्दै जिल्लाबाट आएको टोलीले साथ दिन भनेपछि आफू पनि गएको बताए। तर जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता डिएसपी वरुणबहादुर सिंहले घटनाबारे आफू अनभिज्ञ रहेको प्रतिक्रिया दिए। रातको समयमा दर्जनौं सुरक्षाकर्मी घरमा पसेर महिलाहरूलाई अपमानजनक व्यवहार गर्दै बक्स, दराज, पलंग जाँच गरेको र कागजपत्र विना बल प्रयोग गरिएको घटनाले गाउँमा ठूलो असन्तोष र असुरक्षा फैलिएको छ। स्थानीय बासिन्दाहरूले यस घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका छन्। यता घरमा रहेका महिलाहरुले घटनाको क्रममा आफनो मंगल सुत्र,पेटीबाट केहि थान गहना र दुइ लाख नगद हराएको समेत आरोप लगाए।




# मानवता देखाउन जरुरी

*हिजोआज हामी सोसल मिडिया चाहे टिकटक होस्, चाहे फेसबुक होस्, चाहे युट्युब होस् या अरू सामाजिक सन्जालमा के गर्दा आफू भाइरल हुनछौं भन्ने कुरामा धेरै ब्यस्त भएको देखिन्छ । अहिलेको युवा मात्रै होइन, युवावय पार गरिसकेका प्रौढ वयमा पुगेकाहरुको पनि सन्जाल मोह थामिनसक्नु हुँदै गएको देखिन्छ । अहिले राम्रो र असल कर्म गर्नेलाई कसैले चासो दिएको छैन तर जो खराब छन तिनीहरु नै चम्किने मौका पाएको देखिन्छ ।*

*बिपत्तिमा उद्धार र मदतको हात होइन, मोबाइलको क्यामरा तेर्स्याउछौं र भिडियो खिचेर सामाजिक सन्जालमा हाल्ने जतातत‌ै देखिन्छ । तर हामीलाई त्यो गर्दा किन आनन्द मिलिरहेको छ अहिलेको सबैभन्दा दुःखद विषय रहेको छ । बीभत्स दृश्य आफ्नो मोबाइलमा कैद गर्न ब्यस्त हामी कति जंगली छौ, यस्तै कुराले प्रमाणित गरेका छन । सहयोगको लागि मानिस रोइरहेको हुन्छ । सहयोग दिनुपर्ने हातहरुले उल्टो याचना गर्ने मानिसको आँसुप्रती व्यंग्य गर्दै भिडियो खिच्न ब्यस्त रहेको देखिदै आएका छन ।*

*यो अनिश्चितताको मानव जीवनमा कुनै पनि कुरा सूचना दिएर आउदैन । हरेक पल दुख र बिपत्तिका लागि हामी तयारी रहनुको विकल्प छैन । जिन्दगी भनेकै नियमित आकस्मिकता रहेका छन । कुनै पनि बेला भैचालो आउन सक्छ । बाढीले सारा बस्ती बगाउन सक्छ । अनेकौं प्राकृतिक बिपत्ति आउन सक्छन् । हिंड्दै गरेको मानिस हिर्दयघातका कारण ढल्न सक्छन, घरमा आगो लाग्न सक्छ । कुनै अग्लो स्थानबाट मानिस लड्न सक्छ । कुनै पनि बेला मनुष्यले नचाहेको दुर्घटना वा भवितव्य हुन सक्छ । त्यसैले हामी यो संसारमा मानव भएर जन्मेका छौं भने मानवता देखाउनुपर्छ र मानवले एकअर्को व्यक्तिलाई सक्दो सहयोग गर्नुपर्छ ।*

# घरजग्गा खरिद गर्दा बैंक ‘स्टेटमेन्ट’ पेश गर्नुपर्ने नियम हटाईयो

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २६ जेष्ठ**

भूमि व्यवस्थापन तथा अभिलेख विभागले घरजग्गा खरिद गर्दा बैंक ‘स्टेटमेन्ट’ पेश गर्नुपर्ने नियम हटाएको छ । ‘फाइनान्सियल टास्क फोर्स’ ( एफटीएफ) को ‘ग्रे लिस्ट’ बाट देशलाई बाहिर निकाल्नका लागि भन्दै भूमि व्यवस्थापन तथा अभिलेख विभागले ल्याएको निर्देशन एक हप्तामै संशोधन गर्दै बैंक स्टेटमेन्ट पेश गर्नुपर्ने नियम हटाएको हो ।

विभागले जारी गरेको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवाद क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा जारी भएको निर्देशन २०८२ (पहिलो संशोधन) मा घरजग्गा किनबेचमा खरिदकर्ता र बिक्रीकर्ताको बैंक स्टेटमेन्ट अनिवार्य पेश गर्नुपर्ने, ग्राहक पहिचान (केवाईसी) भर्नुपर्ने लगायत ५ वटा प्रावधान हटाएको छ । घरजग्गा कारोबार गर्दा खरिदकर्ता र बिक्रीकर्ताको बैंक स्टेटमेन्ट पनि अनिवार्य चाहिने गरी विभागले जेठ २० गते निर्देशन




ल्याएपछि व्यवसायीहरूले विरोध गरेका थिए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको चासोपछि विभागले निर्देशन संशोधन गरेको हो । विभागले अनिवार्य बैंक स्टेटमेन्टको प्रावधान हटाए पनि ५० लाख रुपैयाँभन्दा माथिका घरजग्गा कारोबारमा विद्युतीय भुक्तानी प्रणालीमार्फत सोझै र चेकमार्फत गर्दा बिक्रीकर्ताका नाममा तयार गरिएको ‘गुड फर पेमेन्ट’ चेकमार्फत गर्नुपर्ने व्यवस्था भने गरेको छ ।

यस्तै यसअघि ३ करोड रुपैयाँ वा त्योभन्दा बढी रकमको घरजग्गा खरिद वा बिक्री गर्दा कार्यायलयले त्यसको विवरण नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइमा पठाउनुपर्ने व्यवस्था थियो । अब १ करोड रुपैयाँभन्दा माथिका घरजग्गा कारोबारको विवरण राष्ट्र बैंकलाई जानकारी दिनुपर्नेछ ।

# कार दुर्घटनाबाट १ जनाको मृत्यु ३ जना घाइते

**जलेश्वरटुडे समाचारदाता**
**पर्सा, २६ जेष्ठ**



पर्साको वीरगञ्जमा कार दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । गण्डकबाट बसपार्क तर्फ जाँदै गरेको बीआर ५५ बी ९१०४ नम्बरको भारतीय कार आइतबार पिपरास्थित रेनुका पेट्रोल पम्प नजिकै अनियन्त्रित भई सडक खण्डको बीचमा रहेको डिभाइडरमा ठोक्किँदा दुर्घटना भएको पर्सा प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक सुवा भट्टले दिएको जानकारी अनुसार दुर्घटनामा परि करिब ३० वर्षीय बिटु सर्राफको मृत्यु भएको छ ।

दुर्घटनामा घाइते हुनेमा कार चालक भारत, बेतिया नरकटियागञ्ज निवासी करिब ४० वर्षीय गणेश सर्राफ त्यसैगरी, सोही स्थानका २० वर्षीय रतन सर्राफ र अर्को एक २१ वर्षीय बिटु सर्राफ रहेको प्रहरीले जनाएको छ। वीरगञ्जमा कार दुर्घटनामा घाइते भएकाको बारास्थित एलएस न्युरो अस्पतालमा उपचार भइरहेको जनाइएको छ । घटनास्थलबाट दुर्घटनाग्रस्त कार नियन्त्रणमा लिएको र घटनाका बारेमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय पर्साले जनाएको छ ।





अनुरोधकर्ता
निजगढ नगरपालिकाको कार्यालय
बारा,मधेश प्रदेश


## तपाईको टुडे

मेषः विचार गरेर बोल्नुहोला
वृषः अनावश्यक खर्चको संभावना
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः आम्दानी हुने
सिंहः शुभ कार्यको शुरुवात
कन्याः अनावश्यक चिन्ता
तुलाः मनमा पछुतो आउने
वृश्चिकः मित्रतामा फाटो आउने
धनुः अशुभ समाचार प्राप्त हुने
मकरः खानपानमा समस्या आउने
कूम्भः लामो यात्राको योग छ
मीनः पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# युक्रेनी भूभाग मान्यता अस्वीकारले युद्धको खतरा बढाउँदै, डिनिप्रोमा रुसी प्रगति जारी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ जेष्ठ**



युक्रेनसँग जारी द्वन्द्वबीच रुसले युक्रेनी भूभागलाई आफ्नो भागको रूपमा औपचारिक मान्यता दिन आग्रह गरेको छ, तर युक्रेनी पक्षले उक्त प्रस्तावलाई पुनः अस्वीकार गरेको छ। यससँगै युद्धको खतरा थप बढेको छ।

गत महिनाको वार्ताको पहिलो चरणमा युक्रेनले जानकारी दिएअनुसार, यदि उसले आत्मसमर्पण नगरेमा रुसले आफ्नो सैन्य अभियानलाई अझ व्यापक बनाउने चेतावनी दिएको थियो। तीन वर्षदेखि जारी यो युद्धमा हजारौंको ज्यान गइसकेको छ, लाखौं नागरिकहरू विस्थापित भएका छन्, र पूर्वी युक्रेनका शहर तथा गाउँहरूमा निरन्तर आक्रमणका कारण ठूलो क्षति पुगेको छ। रुसका पूर्व राष्ट्रपति तथा राष्ट्रिय सुरक्षा परिषद्का उपाध्यक्ष दिमित्री मेदभेदेभले हालैको सैन्य गतिविधिलाई वार्तामा आवश्यक लचकता नदेखिएको स्थितिमा दिइएको चेतावनीको रूपमा व्याख्या गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत लेखेका छन्, "जो वार्तामा यथार्थ स्वीकार गर्न चाहँदैनन्, तिनीहरूले त्यसको नयाँ स्वरूप युद्धभूमिमा देख्नेछन् ।" रुसी सेनाले युक्रेनको दोनेत्स्क क्षेत्रमा पर्ने जोर्या नामक गाउँमा रुसी झण्डा फहराउँदै गरेको तस्बिर सार्वजनिक गरेको छ।

# फिल्म 'जदौ' मा साम्राज्ञीको जोडी मुकुन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ जेष्ठ**



अन्तरजातीय प्रेमकथामा निर्माण हुने फिल्म 'जदौ' मा अभिनेता मुकुन भुसाल भित्रिएका छन् । फिल्मको मुख्य भूमिकामा अभिनय रहने गरेर निर्माण युनिटले उनलाई भित्र्याएको हो। फिल्ममा उनी अभिनेत्री साम्राज्ञी एलआर शाहको जोडीको रूपमा देखिनेछन् । फिल्मका शाह केही अगाडि भित्रिएका थिए ।

काजी लिम्बूको निर्माण परिकल्पना र लेखन रहेको फिल्मको निर्देशन कसले गर्नेछन्, त्यो भने सस्पेन्स नै राखिएको छ । भदौबाट सुटिङ थालिने 'जदौ' को अन्य कलाकार-प्राविधिक छिट्टै टुङ्गो लगाइनेछ बताइन्छ । फिल्ममा मुकुनसँगै अभिनेत्री सन्ध्या श्रेष्ठ पनि अनुबन्धित भएकी छन् ।

सिल्भर स्क्रिन र सम्मिश्रण मुभिजको संयुक्त लगानीमा निर्माण हुने फिल्मको सहनिर्मातामा रामराजा सुवेदी, ओम चेम्जोङ्ग र शान्ति तामाङ छन्। श्याम तामाङले खिच्ने फिल्मको गीतमा बाबुल गिरीको सङ्गीत अनि बुद्धि माझीको निर्माण व्यवस्थापन रहनेछ।

फिल्म २०८२ सालभित्रै दर्शक माझ ल्याउने योजना रहेको जानकारी सिल्भर स्क्रिनकी प्रबन्धक निर्देशक विमला भण्डारीले जानकारी दिइन् ।

# जाउलो, अहिलेको धेरै फरक

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ जेष्ठ**



तीन वर्षीय बच्चाकी आमा रुबी शर्मालाई यसअघि बच्चा स्याहार गरि रहे पनि 'धेरै कुरा सिकेको रहेनछु' भन्ने लागिरहेको छ । धनुषाको विदेहनगरपालिका(५ मुडिबा टोलकी रुबीलाई केही दिन अघि आफ्नै वडामा समाजिक विकास र अनुसन्धान केन्द्र (एसडीआरसी) का कर्मचारीहरुले सशक्त बालिका परि योजना अन्तर्गत पुर्नगठन गरिएको आमा समूहमा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाले जाउलो पकाउन सिकाएँ । जाउलो पकाउने तरिका सिकेपछि उनलाई लाग्यो आफूले त पोषणयुक्त खानेकुरा मिसाएर खुवाउन जानेकै रहेनछु । "विगतमा मैले बच्चालाई खुवाउने तरिका र अहिले जाउलो पकाउन सिक्दा धेरै फरक र हेछ", उनले भनिन्, "जाउलोमा जे घरमा छ त्यही खानेकुरा हाले पकाएर खुवाउँथे । बच्चाको खानपान तथा स्वास्थ्यमा लापरवाही गर्न हुने रहेनछ । बच्चालाई आवश्यक पोषणयुक्त खाना मिसाउन जरुरी छ भन्ने सिकेँ ।"त्यस्तै, ३० महिनाको बच्चाकी आमा विनेखा यादवले छ महिनासम्म आफ्ना दूधमात्रै खुवाएकी थिइन् । छ महिनापछि अन्य खानेकुरासमेत खुवाउन थालेकी उनले बच्चा स्याहार बारे थप ज्ञान सिकेकी छिन् । "पहिला म दाल, चामल र साग मिसाएर जाउलो पकाउँथे, नरम खाना भए पुग्छजस्तो लाग्थ्यो", उनले भनिन्, "यहाँ आएपछि थाहा पाए, कम्तीमा चार प्रकारका खाना मिसाएर बच्चालाई खुवाउनुपर्ने रहेछ, जाउलोमा चामल, विभिन्न थरिका मिसाइएका दाल, सागपात, घ्यू मिसाएर पकाउनुपर्छ । जुन खाना बच्चालाई पोषिलो हुन्छ ।" विदेह नगर पालिकाबाट खटिएका स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंमसेविकाले रुबी, बिनेखा जस्तै २० जना महिलालाई पकाउन सिकाएपछि हजार दिनका आमा बच्चा कसरी स्याहार्ने भन्नेमा थप सचेत भएको बताउँछन् । "मेरो पहिलो बच्चालाई मैले राम्ररी स्याहार गरिन भनेर पछुतो लाग्छ, अहिले दोस्रो बच्चा गर्भमा छ, अहिले राम्ररी स्याहार्न र हेरचाह गर्न सिकेकी छु", बिनेखाले भनिन्, "बच्चाको पोषणमा दुई वर्षभित्रै ध्यान दिनुपर्ने रहेछ भन्ने सिकाइ भएको छ । पहिलो बच्चा राम्ररी नस्याहारेका कारण कमजोर छ बिरामी भइरहन्छ । अब दोस्रो बच्चा राम्ररी स्याहार्ने छु ।"प्लान इन्टरनेशनल नेपालको साझेदारीमा समाजिक विकास र अनुसन्धान केन्द्र (एसडीआर सी) ले संचालन गरेको सशक्त बालिका परियोजना अन्तर्गत विदेह नपा–५ मुडिबा टोलमा राधा आमा समूह पूर्नगठन गरेको छ । पाँच वर्ष मुनिका सन्तान रहेका महिला मात्र आमा समूहमा बस्न पाउने व्यवस्था अनुसार पहिलाको सदस्यहरुको ठाउँमा नयाँ सदस्यहरु राखेर समूहलाई पूर्नगठन गरिएको एसडीआरसीका फिल्ड सुपरभाइजर जीवछ दासले बताए । आमा समूहमा आवद्ध महिलाहरुलाई मासिक बैठकमार्फत जाउलो पकाउने, गर्भवति भएदेखि सुत्केरी हुँदासम्म अपनाउनुपर्ने सतर्कता, नियमित स्वास्थ्य जाँच गर ाउनुका साथै घरमा राम्रो संस्कार सहितको वातावरण बनाउनबारे जानकारी दिएको दासले बताए ।

हरेक महिना हुने बैठकमा हजार दिनसम्म बच्चालाई खुवाउने जाउलो पकाउन सिकाइएको उनले बताए । जाउलो पकाउने, जाउलो पकाउँदा आवश्यक पर्ने सामान र खाने तरि काबारे आमालाई सिकाउने गरि एको महिला स्वास्थ्य स्वयंसेविका लक्षो पण्डितले बताइन् । बच्चालाई जन्मेदेखि छ महिनासम्म आमाको दूधमात्रै चुसाउनुपर्छ । बच्चा छ महिना पूरा भएपछि आमाको दूधसँगै जाउलोलगायतका नरम खानेकुरा खुवाउनुपर्छ । बच्चाको पोषणमा आमालाई जिम्मेवार बनाउन जाउलो पकाउन सिकाउने गरिएको फिल्ड सुपरभाइजर दासले बताए ।

## Samsi Rural Municipality
## Office of the Rural Municipal Executive
### Samsi,Mahottari
Madhesh Province,Nepal

## Invitation for Online Sealed Quotation

Date of Publication : 2082/02/27 (10th June,2025)

1. Samsi Rural Municipality,Samsi invites following electronic bid from eligible Nepalese bidders under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.
2. The details of the project are as follows :

| S. N. | Contract No. | Description of Work | Bid Security | Bid Document Fee | Bid/Bid Bond Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1. | SRMUN/081-82/ WARD 1-2/SQ/01 | Street Light installation works and Electrification Works for Agriculture at ward No.1 and 2 of Samsi Rural Municipality | NRS. 35000.00 | NRS.1000.00 | 45 days/75 days from last date of bid submission | 25th June 2025 before 12:00 Noon |
| 2. | SRMUN/081-82/ WARD 6/SQ/02 | Supply,Installation and Commissioning of Tower Light at ward No.6 and Repairing of previously installed Tower Light | NRS. 35000.00 | NRS.1000.00 | 45 days/75 days from last date of bid submission | 25th June 2025 before 12:00 Noon |
| 3. | SRMUN/081-82/ WARD 4/SQ/03 | Supply and Installation of Handpump at ward No.4 of Samsi Rural Municipality | NRS. 50000.00 | NRS.1000.00 | 45 days/75 days from last date of bid submission | 25th June 2025 before 12:00 Noon |
| 4. | SRMUN/081-82/ WARD 4 ELECTRICITY/ SQ/04 | Electrification works for Agriculture at Ward No.4 of Samsi Rural Municipality | NRS. 50000.00 | NRS.1000.00 | 45 days/75 days from last date of bid submission | 25th June 2025 before 12:00 Noon |

3. Eligible bidders may obtain more further information from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer




अनुरोधकर्ता
परवानीपुर गाउंपालिकाको कार्यालय
बारा, मधेश प्रदेश

# पालिकाले अस्पताल चलाएनन् भन्ने होइन, अब संघले नै चलाउनुपर्छ


-प्रदीप पौडेल ।

-६७ वटा अस्पताल निर्माण सम्पन्न भई हस्तान्तरण भए पनि जनशक्ति र उपकरणको अभाव छ। अस्पताल सञ्चालनका लागि सरकारले साउन १ गतेदेखि सञ्चालन गर्ने निर्णय गरेको छ, निर्देशिका तयार भइरहेको छ। बन्न बाँकी अस्पतालको निर्माण सम्पन्न गरिनेछ भने, नबनेका स्थानमा आवश्यकता अनुसार स्वास्थ्य चौकी बनाइनेछ।

अहिलेसम्मको तथ्यांक हेर्दा ६७ अस्पताल निर्माणसम्पन्न भएर हस्तान्तरण भएको छ, निर्माण कम्पनीले पालिकालाई हस्तान्तरण गरेका छन्। ती अस्पताल निर्माणमा मन्त्रालयले सबै बक्यौता फरफारक गरिसकेको छ । पूर्वाधार पनि बनिसकेको छ, भुक्तानी पनि भइसकेको छ। कतै एउटै अस्पतालमा १८ करोडसम्म लगानी भएको छ, कतै १०-११ करोड खर्च भएको छ। ती अस्पतालको लगानीमा पनि फरक-फरक प्रकृति छ। कतै मन्त्रालयको शतप्रतिशत लगानी छ, कतै ६०-४० छ। यो भनेको पालिकाको पनि साझेदारी हो। विभिन्न विधिबाट भवन निर्माणको काम सम्पन्न भएको छ।

तर अधिकांश पालिकामा भवन मात्रै बनेको छ । त्यहाँ न उपकरण छ, जनशक्ति हुने त कुरै भएन । भवन निर्माण भइसकेपछि पालिकाहरूले आफै चलाउन सक्दिनँ भनेर गुनासो गरेका छन्। वास्तवमा उनीहरूले सक्दैनन् पनि । थोरै बजेटका पालिकालाई त्यति ठुलो संरचना आफै चलाऊ भनेर छोड्ने कुरा भएन। पूर्वाधार निर्माणमै थोरै लगानी पालिकाहरूले गरिसकेका छन् । त्यसैले वार्षिक बजेटको सन्तुलन गुमेको गुनासो पटक-पटक गरिरहेका छन् । यसमाथि उपकरण खरिद र जनशक्ति भर्ना गर्न पालिकालाई जिम्मा दिँदा पूरै बजेट यही एउटा अस्पताल सञ्चालनमा खर्च हुन्छ। उनीहरूले चलाएनन् भन्ने होइन, कसरी हुन्छ संघ सरकारले नै चलाउनुपर्छ। राज्यको यति ठुलो लगानी भइसक्यो, त्यहाँबाट उपचार सुरु गर्नैपर्ने आवश्यकता छ । आवश्यकता एकातिर छ, दबाब अर्कोतिर। त्यही भएर हामीले साउन १ गतेदेखि हस्तान्तरण भएका सबै अस्पताल सञ्चालन गर्ने भनिसकेका छौँ। निर्देशिका तयार गरेर स्वीकृत गर्नेगरी अगाडि बढेका छौँ।

अब निर्देशिका तयार गर्छौं र मन्त्रिपरिषद्बाट स्वीकृत गर्छौं। निर्देशिकाभित्र जनशक्ति व्यवस्थापन र उपकरणमा बढी ध्यान दिइन्छ। अब अहिले आएर नचाहिने ठाउँमा लगानी भएछ भन्न मिल्दैन। त्यत्रो लगानी भइसकेको छ। यदि यसो हो भने त पहिला बनाउनुअघि नै म्यापिङ गर्नुपर्थ्यो। अर्को कुरा, संघ सरकारसँग पनि स्थायी दरबन्दी व्यवस्थापन गर्न सक्ने अवस्थाचाहिँ छैन। हामीले पनि छात्रवृत्ति करारका डाक्टर र नर्स उपलब्ध गराएर अस्पताल चलाउने योजना बनाएका छौँ। तर सम्बन्धित पालिकासँग सहकार्य हुन्छ । यति भनिसकेपछि निर्माण सम्पन्न भएर हस्तान्तरण भएका अस्पताल साउन १ गतेदेखि प्रयोगमा आउँछन्, त्यहाँबाट नागरिकले स्वास्थ्य सेवा पाउँछन्। कसैले नचाहिने ठाउँमा अस्पताल निर्माण भयो, अनावश्यक लगानी गरियो भन्ने प्रश्न पनि गरेका छन्। अब अहिले आएर नचाहिने ठाउँमा लगानी भएछ भन्न मिल्दैन। त्यत्रो लगानी भइसकेको छ। यदि यसो हो भने त पहिला बनाउनुअघि नै म्यापिङ गर्नुपर्थ्यो। बनिसक्यो भने यसलाई उपयोगमा ल्याउनुबाहेक कुनै विकल्प छैन । मन्त्रालयले बनिसकेकालाई सञ्चालनमा ल्याउने, बन्न बाँकी भएका र प्रक्रियामा अघि बढेका अस्पतालको भवन निर्माण पूरा गर्नुपर्छ। चाहे त्यो ८० प्रतिशत काम सकिएको होस्, चाहे १० प्रतिशत सकिएको नै किन नहोस्। निर्माण सुरु भइसकेर राज्यको लगानी भइसकेको ठाउँमा भवन निर्माण पूरा हुन्छ । भवन मात्रै बन्दैन, मापदण्डअनुसार सेवा विस्तार पनि हुन्छ। त्यसलाई सञ्चालनमा ल्याउन पनि राज्यले आवश्यक लगानी गर्नैपर्छ । अधुरा संरचनामा थप लगानी गरेर सम्पन्न गराउने र सञ्चालनमा ल्याउने हो। मन्त्रालयले बनिसकेको अस्पताललाई के गर्ने ? आधा बनेकोलाई के गर्ने ? बन्न सुरु भइसकेकोलाई के गर्ने भनेर क्याटोगोरी छुट्याएर बजेट राखेको छ।

बरु नजिकै अन्य स्वास्थ्य सेवा प्रदान गर्ने अस्पताल वा संस्था छ भने त्यो भवनलाई नयाँ बनेकै भवनमा गाभेर सेवा विस्तार गर्न सकिन्छ। बन्न सुरु नै नभएको ठाउँमा के गर्ने भन्नेचाहिँ निर्क्योल निस्केको छैन । त्यसमा बजेट राखेको पनि छैन, त्यो निर्माणको खाका प्रस्ट पनि छैन । मेरो विचारमा अब बनाउने भनिएको ठाउँमा म्यापिङ गर्नुपर्छ। पहिलाजस्तै अन्धाधुन्ध लगानी गर्न हुँदैन । बन्दै नबनेको ठाउँमा आवश्यक छैन र नजिकै अर्को अस्पताल छ भने त्यस ठाउँमा यो अस्पताल नबनाएर सबै वडामा प्राथमिक स्वास्थ्य चौकी बनाउने कुरालाई प्राथमिकतामा राखिन्छ। पालिकाभित्रै रहेका स्वास्थ्य केन्द्रलाई रिसर्च सेन्टर बनाउने गरी संरचना थप्न सकिन्छ। सरकारले दुई चरणमा अस्पताल निर्माण थालेको थियो।

सांभार : रातोपाटी।


## जनहितमा जारी संदेश

### सर्पदंशबाट बच्ने उपायहरु

-सर्प दिउँसो भन्दा राती बढी निस्कन्छ। त्यसैले राती घरबाहिर निस्कनु परे उज्यालो (टर्च, बत्तीहरू) बोकेर मात्रै निस्कने।
-खाली खुट्टा घर बाहिर ननिस्कने।
-सर्प बस्ने सम्भावित ठाउँहरू (जस्तैं दाउराको चाङ, पराल, ढुङ्गा तथा ईटा थुपारेको ठाउँ) मा चलाउनु परे लामो लट्ठीले चलाउने।
-घर वरीपरिका झार, फोहोरको थुप्रो हटाउने र जमिनका प्वालहरू भए पुर्ने।
-घर वरिपरि खानेकुराहरू नफाल्ने। फालिएको खानेकुरा खान मुसा, भ्यागुता आउने हुँदा त्यहाँ सर्प पनि आउँछ।
-साना केटाकेटीलाई मुसाको दुलामा हात हाल्न, दाउराको चाङमा हात घुसाउने, झाडीमा जानबाट रोक्ने।
-शरीरमा पातलो कपडा भए पनि लगाउने। जसले सर्पले टोके पनि विष प्रवेशलाई केही मात्रामा भए पनि रोक्छ।
-सर्पलाई नजिस्काउने।
-सर्प मरेको जस्तो देखिए पनि वास्तवमा मरेको नहुन सक्छ। त्यस्तो अवस्थामा नचलाउने।
-सकेसम्म घरभित्र कुखुरा, हाँस, परेवाको खोर नराख्ने। यस्तो खोरमा जथाभावी हात नहाल्ने।
-राती सुत्दा झुलको प्रयोग गर्ने। सकेसम्म पलङ वा खाटमा मात्रै सुत्ने।
-पोखरी, तलाउ, खोला, नदीनालामा बिषालु सर्प पनि हुन सक्छन्। यस्ता स्थानमा पौडी खेल्दा, खोला तर्दा सावधानी अपनाउने।

### जुनोटिक रोग रोक्ने उपायहरु :

-सुरक्षित खाना ह्यान्डलिङ अभ्यास गर्नुहोस्। यसमा उपभोग गर्नु अघि सबै उत्पादनहरू धुनु समावेश छ।
-साबुन र पानीले राम्ररी हात धुनुहोस्।
-ह्यान्डल गर्दा वा जनावरहरूसँग नजिकको सम्पर्कमा उपभोग, पिउने वा आफ्नो आँखा वा मुख नछुनुहोस्।
-घरमा घरपालुवा जनावरहरूलाई खोप लगाउनुहोस् र तिनीहरूलाई पशुचिकित्सकको नियमित वार्षिक भ्रमणको लागि लैजानुहोस्।
-लामखुट्टे, पिसा र टिक्सलाई टाढै राख्नको लागि कीटनाशक वा अन्य विधिहरू प्रयोग गर्नुहोस्।

### एएमआर रोक्ने उपायहरु :

-आफू खुशि एन्टीबायोटिक औषधि सेवन गर्नु हुँदैन।
-चिकित्सकका सल्लाह अनुसार मात्र सेवन गर्ने।
-चिकित्सकको पूर्जा बिना एन्टिबायोटिक औषधि विक्रि वितरण गर्नुहुँदैन।
-एन्टिबायोटिक औषधि जहिले पनि चिकित्सकको सल्लाह अनुसार डोज सेवन गर्ने।

अनुरोधकर्ता
**जनकनन्दनी गाउँपालिका**
स्वास्थ्य शाखा, धनुषा



## पत्रिका/पेपर

कम्प्यूटराईज गराउन सम्झनुहोस।




सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला











अनुरोधकर्ता
जितपुर सिमरा उपमहानगरपालिकाको कार्यालय
बारा,मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday